# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१० | वर्ष:२ | महिना:माघ | आ.व:२०८२/८३


**नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी वृहत स्क्रिनिङ शिविर** प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी म्याग्दी, प्रदेश अस्पताल, बेनी म्याग्दी तथा प्रदेश आयुर्वेद चिकित्सालय, बेनी म्याग्दीको संयुक्त आयोजनामा २०८२ साल माघ ९ र १० गते मंगला गाउँपालिका वडा नंस्थित महेन्द्र ३ . रत्न माध्यमिक विद्यालय,बरंजामा सफलतापूर्वक सम्पन्न भएको छ। शिविरमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य जाँच, रगत तथा पिसाबको परिक्षण,जिवनशैली परामर्श र सचेतना सेवा प्रदान गरिएको थियो र स्थानीय नागरिकहरूको उल्लेख्य सहभागिता रह्यो। कार्यक्रम सफल बनाउन सहयोग पुर्याउनु हुने स्थानीय तह, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकशिक्षिकाहरू–,बरंजा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरू, स्वयंमसेविका तथा सहभागी सम्पूर्ण नागरिकहरूप्रति आयोजकको तर्फ बाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं। शिविरमा जम्मा २८४ जना सेवाग्राहीले स्वास्थ्य सेवा लिनुभएको थियो।






**मिति २०८२ साल माघ महिनाको ११ गते ७३औं विश्व कुष्ठरोग दिवसका अवसरमा "कुष्ठरोगको छ ओखती, सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती""** भन्ने मूल नाराका साथ प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आयोजनामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीका कार्यालय प्रमुख श्री भुवन ठकुराठीज्यूको अध्यक्षता तथा प्रदेश अस्पताल, बेनी, म्याग्दीका प्रमुख डा. हेमन्त बास्तोलाज्यूको आतिथ्यमा सम्पन्न भएको हो।उक्त कार्यक्रममा जिल्लाका पत्रकारहरू तथा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा कुष्ठरोग सम्बन्धी वर्तमान अवस्था, उपचारको पहुँच, सामाजिक लाञ्छना तथा विभेद न्यूनीकरणका उपायहरूबारे छलफल गरिएको थियो।




बेनीअनलाइन - Benionline.com.np News
25 January at 11:40

औषधि सेवनले निको हुने भएपनि समाजमा विभेद र लान्छनाका कारण कुष्ठरोगी खुल्न नसकेको म्याग्दीको सदरमुकाम बेनीमा आयोजित एक कार्यक्रमका बक्ताले बताएका छन् । औषधि सेवन गरी निको भएका बिरामीलाई समेत समाजले हेर्ने दृष्टिकोणका लागि समाजमा अझै पनि रोग लुकाउने, लुकिछिपी बस्ने, बाहिर खुलेर कुरा नगर्ने अवस्थाका रहेको बताइएको थियो ।

MYAGDIKALI.COM
म्याग्दीमा एक जना नयाँ कुष्ठरोगीको पहिचान, समाजको डरले कुष्ठरोगीको पहिचानमा समस्या

**"उपेक्षित उष्णप्रदेशीय रोगको निवारण, सहकार्य र एकता हाम्रो उदाहरण"** भन्ने मूल नाराका साथ आज विश्व उपेक्षित उष्णप्रदेशीय रोग दिवस- २०२६ प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी म्याग्दी को आयोजनामा बेनी सामुदायिक विद्यालय, म्याग्दीमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न गरी मनाईयो ।कार्यक्रममा विध्यालयका प्रधानाध्यापक, शिक्षक/शिक्षिका तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।उक्त अवसरमा नेपालमा पाइने विभिन्न ११ प्रकारका उपेक्षित उष्णप्रदेशीय रोगहरू का बारेमा जानकारीमूलक अन्तरक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गरियो ।





**पोषण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठि कार्यक्रम र PAMS-V2 सम्बन्धि अभिमुखिकरण** मिति २०८२/१०/१४-१६ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दिको आयोजनामा सम्पन्न भएको छ। जनस्वास्थ्य कार्यालय म्याग्दिका कार्यालय प्रमुख भुवन ठकुराठि ज्युको अध्यक्ष्यतामा संचालन भएको कार्यक्रम,बेनि अस्पताल म्याग्दि का मे.सु हेमन्त बास्तोला, प्रादेशिक जनस्वास्थ्य केन्द्रका पोषण फोकल पर्सन नर वहादुर सारू, जनस्वास्थ्य कार्यालयका पोषण फोकल पर्सन गणेश सुवेदि र प्रशासन सहायक भावना शर्मा ज्युले सहजिकरण गर्नुभएको कार्यक्रम तथ्याङ्क फोकल पर्सन सुशिल ओझा ज्युको संचालनमा सम्पन्न भएको थियो। कार्यक्रममा स्थानिय तहबाट पोषण फोकल पर्सन र शाखा प्रमुखको सहभागिता रहेको थियो ।





मिति २०८२ माघ ११ गते देखि १३ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आ/२०८२व .0८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस अघि **तालिम नलिएका स्वास्थ्यकर्मीका लागि IHMIS/EHMIS/DHIS2 सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम** सु-सम्पन्न गरियो ।




**मिति २०८२/१०/१९ गते प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत एच.पि.भी. खोप अभियान २०८१ को समिक्षा तथा नियमित खोपमा एच.पि.भी. खोप सम्बन्धी अन्तरक्रिया एवं योजना गोष्ठी** कार्यक्रम सम्पन्न गरिएको छ ।प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दी प्रमुख श्री भुवन ठकुराठी ज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीका खोप फोकल पर्सन गणेश सुबेदी ज्युले गर्नुभएको थियो भने तथ्याङ्क सहायक सुशिल औझा ज्युले स्वागत मन्तव्य राख्नुभएको थियो । बेनी अस्पताल म्याग्दीका प्रमुख डा. हेमन्त बास्तोला र शिक्षा विकास तथा समन्वय ईकाई म्याग्दीका प्रमुख बिदुर शर्मा चापागाई ज्यूको आतिथ्यतामा सम्पन्न कार्यक्रममा, प्रादेशिक जनस्वास्थ्य केन्द्रका खोप अधिकृत श्री एकनारायण लम्साल ज्युले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा विभिन्न स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरु, शिक्षा शाखा प्रमुखहरु र पालिका खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।म्याग्दी जिल्लामा करीव ९५० किशोरीहरुलाई यही माघ अन्तिम सातादेखी खोप सेवा प्रदान गर्नेगरी जिल्लामा तथा पालिका स्तरमा तयारीमा लाग्ने निश्कर्ष सहित कार्यक्रम सम्पन्न भएको थियो ।




**प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दिको आयोजनामा मिति २०८२/१०/२३ र २५ गते प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दि को सभा हलमा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप सेवामा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोपसमन्वय एच.पी.भी. खोप संचालन सम्बन्धी जिल्ला खोप समन्वय समिति ,पत्रकार,सञ्चारकर्मी तथा सरोकारवाला सँग बहस,पैरवी एवं अन्तरक्रिया** कार्यक्रम सम्पन्न भएको छ। गत आर्थिक वर्षमा संचालित महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर रोग विरुद्को एच.पी.भी. खोप अभियान २०८१ संग सम्बन्धीत विभिन्न क्रियाकलापहरुको समिक्षा गरि त्यसको निस्कर्ष र सिकाईहरुलाई अवलम्बन गर्दै यस आर्थिक वर्ष २०८२/८३ देखि नियमित खोपमा समावेश भई माघ २७ गते देखि फागुन ५ गते सम्म संचालन हुन गईरहेको एच.पी.भी. खोप कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्ने, जिल्ला खोप समन्वय समिति,सञ्चार जगत तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्यलाई तिव्रता दिई नियमित खोप सेवा सुदृढिकरण गर्ने र महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर र एच.पी.भी. खोपको बारेमा जानकारी गराउने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन गरिएको हो।जिल्ला खोप समन्वय समिति म्याग्दिका संयोजक तथा जिल्ला समन्वय समिति म्याग्दिका प्रमुख श्री डिल कुमारि खत्रि ज्यूको अध्यक्षता, बेनी नगरपालिकाका नगरप्रमुख श्री सुरत के.सी., प्रमुख जिल्ला अधिकारी श्रीमान रबिन्द्र आचार्य लगाएतको आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दिका परिवार नियोजन निरीक्षक गणेश सुबेदिले गर्नुभएको थियो भने उक्त कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दिका कार्यालय भुवन ठकुराठिले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा जिल्ला खोप समन्वय समिति,पत्रकार,सञ्चारकर्मी र सरोकारवालाहरूको सहभागिता रहेको थियो।



**रघुगंगा गाउँपालिका**

- पालिका स्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई नसर्ने रोग तथा मानसिक रोग सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम
- स्वास्थ्यकर्मीलाई एच.पि.भी. खोप सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- IMNCI Onsite Coaching कार्यक्रम
- नसर्ने रोग स्क्रीनिंग कार्यक्रम।













गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी, म्याग्दी, नेपाल

# म्याग्दी जिल्लामा एच.पि.भी खोप २०८२ संचालन योजना




## २०८२ माघ महिनाको २७ गते देखि फाल्गुन महिनाको ०५ गते सम्म




## एच.पि.भी खोप २०८२ को लक्षित समूह

- हाल विद्यालय जाने कक्षा ६ का छात्रा
- गत आ.व मा छुट भएका हाल कक्षा ७ देखि १० मा अध्यन गर्दै गरेका छात्रा
- हाल विद्यालय नजाने १० बर्ष उमेरका किशोरी
- गत आ.व मा छुट भएका विद्यालय नजाने हाल ११ देखि १४ बर्ष उमेरका किशोरी

## बेनी नगरपालिका

- स्वास्थ्य संस्था सुदृढिकरण (MSS in HP)
- नसर्ने रोग सम्बन्धी प्रेस मिट तथा सचेतनामुलक कार्यक्रम
- महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुको मासिक समिक्षा बैठक
- खोप समन्वय समिति बैठक तथा अभिमुखीकरण कार्यक्रम
- एच.पि.भी (HPV) खोप अभियान संचालन।










## मंगला गाउँपालिका

- एच.पि.भी. खोप सम्बन्धी महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुको लागि १ दिने प्रशिक्षण
- संस्थागत सत्केरीलाई भाले वितरण ।







## धवलागिरि गाउँपालिका

- नियमित एच.पि.भी. खोप कार्यक्रमको अभिमुखीकरण
- मासिक समिक्षा ।





**मालिका गाउँपालिका**

- क्षयरोग सम्पर्क व्यक्तिहरुको परिक्षण तथा अनुगमन
- आमा सुरक्षा कार्यक्रमको अनुगमन
- नियमित एच.पि.भी. खोप कार्यक्रम सम्बन्धी पालिका स्तरीय योजना तजुर्मा गोष्ठी ।










## म्याग्दी जिल्लाको स्थानीय तहहरुमा माघ महिनामा भएका कार्यक्रमहरु;

### अन्नपूर्ण गाउँपालिका

- एच.पि.भि. खोप अभियान २०८१ को समिक्षा तथा नियमित खोपमा एच.पि.भि. खोप सम्बन्धी अन्तरक्रिया एवमं योजना गोष्ठी कार्यक्रम
- विध्यालय स्तरमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी १ दिने अभिमुखीकरण
- वडा. नं . १ देखि ७ सम्मका किशोरीहरुलाई खोप प्रदान ।







